**बागमती प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**प्रदेश उच्च शिक्षा परिषद्को सचिवालय**
**हेटौंडाको**

## विश्वविद्यालय, मानित विश्वविद्यालय र प्रतिष्ठानको स्थापना तथा सञ्चालनका लागि आवेदन दिने म्याद थप सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशन मितिः २०८०।०७।१९**

प्रदेश उच्च शिक्षा ऐन,२०७८ को दफा ८ र ११ तथा प्रदेश उच्च शिक्षा नियमावली, २०७९ को नियम १० बमोजिम विश्वविद्यालय, मानित विश्वविद्यालय र प्रतिष्ठान स्थापना गर्न सक्ने व्यवस्था भएकोले सो सम्बन्धमा यो सूचना पुनः प्रकाशन गरिएको छ। प्रदेश उच्च शिक्षा ऐन, २०७८ को अनुसूचीमा उल्लिखित विश्वविद्यालय, मानित विश्वविद्यालय र प्रतिष्ठान स्थापनाका लागि आवश्यक पर्ने मापदण्ड तथा पूर्वाधार पुगेका इच्छुक क्याम्पस वा शैक्षिक संस्थाहरूमध्ये स्वास्थ्य/चिकित्सा विज्ञान, विज्ञान प्रविधि (इन्जिनियरिङ समेत), कानुन,पर्यटन र खेलकुदको क्षेत्रमा विश्वविद्यालय, मानित विश्वविद्यालय र प्रतिष्ठान स्थापना गर्न प्रदेश उच्च शिक्षा नियमावली २०७९ को अनुसुची १ अनुसार आवेदन शुल्क रु १,००,०००।(अक्षरेपि एक लाख मात्र) प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको राजस्व खाता (कार्यालय कोड ३५०००३२०१३, राजस्व शिर्षक नम्बर १४२२४ राष्ट्रिय बाणिज्य बैङ्क) मा जम्मा गरेको सक्कल भौचर, प्रदेश उच्च शिक्षा नियमावली, २०७९ को अनुसूची २ को ढाँचामा तयार गरेको विधान र ऐन तथा नियमावलीले तोकेका अन्य कागजात सहित अनुसूची ३ को ढाँचामा यो सूचना प्रकाशन भएको मितिले ३० दिन अर्थात् २०८० मङ्सिर १८ (उक्त दिन सार्वजनिक बिदा परेको अवस्थामा बिदा सकिएपछि कार्यालय खुलेको दिन) गते भित्र यस मन्त्रालय अन्तर्गत प्रदेश उच्च शिक्षा परिषद्को सचिवालय, हेटौंडामा आवेदन पेश गर्नुहुन अनुरोध छ।

प्रदेश उच्च शिक्षा ऐन, २०७८ र प्रदेश उच्च शिक्षा नियमावली, २०७९ मन्त्रालयको वेवसाइट www.mosd.bagamati.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।